## फेरिंदो...

प्रजातान्त्रिकताको अथवा बैधताको नापो संविधान सभा होइन । मुलुकको वास्तविकता र प्रजातान्त्रिक मूल्यहरुलाई जगेर्ना गर्नुपर्ने आवश्यकतालाई हेरी त्यससँग मेलखाने किसिमले संविधान आउन सक्दछन् । नेपालमा त्यही भयो ।

त्यसैले यो संविधान मुलुकको वास्तविकताको उपज हो, स्वरुपमा पनि, सारतत्वमा पनि, र निर्माण प्रक्रियामा पनि । साथै यसले प्रजातान्त्रिक एवं मानवीय मूल्यहरुको निर्माणमा र राज्य संचालन सम्वन्धी सिद्धान्तमा विश्वले हासिल गरेका उपलब्धिहरुलाई नेपालको विकासको स्तर सुहाउँदो गरी अपनाएको समेत छ ।

वर्तमान संविधानले नेपालको इतिहास, परम्परा, नेपालको राजनीतिक विकास क्रममा आर्जित तीता-मीठा अनुभवहरु, नेपालमा कार्यरत प्रमुख राजनीतिक शक्तिहरु, आधुनिकीकरण प्रक्रियाका परम्परागत संस्थाहरुको स्थान र परिवर्तित हुनुपर्ने भूमिका, विकास र राष्ट्रियता सम्वर्द्धनको आवश्यकता, वैदेशिक सम्वन्धहरुमा हिजो खट्किएका कुराहरु, पार्टी र प्रेसले अतीतमा बेहोर्नु परेको कष्ट आदि लगायत विश्व बढ्दो रुपमा एकीकृत भैरहेको समयमा नेपाली जनताले भोग्नुपरेको पछौटे अवस्था, हुकुमी संस्कृतिबाट प्रजातान्त्रिक संस्कृतिमा प्रवेश गर्नुपर्ने आवश्यकता आदि आदि कुराहरुलाई हेरेको छ । सम्बैधानिक इतिहास र नेपाली समाजलाई यसले उपेक्षा गरेको छ भन्ने र कांग्रेस-कम्युनिष्ट एकता ऐतिहासिक भूल थियो भन्ने धारणा गलत धारणा हुन् । यस्तो धारणा यता केही क्षेत्रमा देखा पर्न थालेको छ जसलाई विपिन अधिकारीले "द राइजिङ नेपालमा" प्रकाशित एक लेखमा अभिव्यक्त गर्नुभएको छ ।

नेपाली कांग्रेस र वामपन्थीहरु नमिलेको भए २०४६ सालको जन-आन्दोलनले विजय हासिल गर्न सक्ने थिएन । त्यस बेलाको एकता र जनआन्दोलन नेपाली जनताको ऐतिहासिक उपलब्धि हुन् । छलफलको क्रममा विभिन्न विचारहरु देखापर्न सक्दछन् त्यसबाट चिन्तित हुनुपर्ने आवश्यकता छैन । तर ऐतिहासिक जन-आन्दोलनको एकतालाई, खासगरी कांग्रेस-कम्युनिष्ट एकतालाई भूल ठान्नेहरु कांग्रेस र कम्युनिष्टहरु माझ प्रभावी हुन थालेको देख्दा र यो संविधानले महत्व प्रदान गरिएका मूल्य र मान्यताहरुको अवमूल्यन गर्ने व्यवहार हुन थालेको देख्दा भने चिन्ता लिनै पर्ने हुन्छ ।

राजनीतिक चरित्रको झलक दिने तीनवटा साना उदाहरण: (१) मुलुकले कहिल्यै नदेखेको प्राकृतिक विपद भोग्नुपर्‍यो । तर यस विषयमा मन्त्रिपरिषदको बैठक बसेको, मुलुकको स्थितिको समीक्षा गरेको र सरकारी निकायहरुलाई आवश्यक निर्देशन दिएको समाचार सुन्न पाइएन । (२) विपक्षी दलका १८ जना कम्युनिष्ट सांसदहरु प्रहरीको लछार-पछार, पिटाइ र गिरफ्तारीमा परेकोलाई प्रहरीले सांसद भनी नचिनेर पक्राउ गरेको भनी गृहमन्त्रीले संसदलाई बताउनु भयो । तर के उहाँ स्वयं आफूले संसदलाई भनेको कुरा पत्याउनु हुन्छ ? (३) माथिल्लो सदन प्रमुख विपक्षी दलका एक सांसदले मन्त्रीमाथि मुक्का प्रहार गरेकोमा सो दलका नेताले तत्काल प्रष्ट भर्त्सना नगरी त्यस्तो आचरणलाई सरकारको व्यवहारको परिणाम भनी देखाउने कसरत गरे ।

गम्भीर हुनुपर्नेहरु नै गम्भीर हुन सकेनन् र प्रजातान्त्रिक संस्थाहरुको गरिमा बढाउन सकेनन् भने प्रजातान्त्रिक भविष्यबारे चिन्ता बढ्नु स्वाभाविक हुन आउँदछ ।

मध्यावधि चुनावको कुरा पनि प्रजातन्त्रको भविष्यको निम्ति चिन्ताको कुरा हो । विपक्षी पार्टीहरुले जन-असन्तोषलाई व्यक्त गर्न र सत्तारुढ पार्टीलाई दवाव हाल्न त्यस्तो मांग गर्न सक्दछन् । तर जब स्पष्ट बहुमत पाएको सत्तारुढ पार्टी भित्र पनि त्यस्तो बिचार देखा पर्दछ तब कुरा अनौठो हुन पुग्दछ ।

संविधानको धारा ५३ (४) अनुसार प्रधानमन्त्रीलाई प्रतिनिधिसभाको विघटन गर्न सिफारिश गर्ने अधिकार छ । त्यस्तो सिफारिश भएमा श्री ५ बाट प्रतिनिधि सभाको विघटन हुन्छ र ६ महीनाभित्र निर्वाचन सम्पन्न गरिनुपर्दछ । यसबाहेक संविधानले मध्यावधि चुनाव विषयमा केही भनेको छैन ।

कस्तो अवस्थामा प्रतिनिधि सभा विघटन गर्न सिफारिश गर्ने भन्ने कुरा संविधानमा नकिटिएको हुँदा यो संवैधानिक नैतिकताको कुरा हुन आउँदछ । प्रधानमन्त्रीले यस्तो नैतिकताको मर्यादालाई पालन गर्नुप्रर्ने अदालती बाध्यता नभए पनि राजनीतिक वाध्यता भने हुन्छ ।

गत महानिर्वाचनको परिणामले मध्यावधि चुनावको बीज बोकेको छैन । सत्तारुढ दलको स्पष्ट बहुमत हुँदासम्म उसले मध्यावधि चुनाव किन गराउने ? आफूले सत्ता चलाउन नसक्ने ठानेर अरु कसैलाई सत्ता हस्तान्तरण गर्न खोजेकोमा बाहेक बहुमत पाएको पार्टी मध्यावधि चुनावमा जाँदैन । अढाई वर्षपछि चुनाव भयो भने आफूले हार्न सक्ने देखेमा अढाई वर्ष अगावै चुनावमा जाने अनुमति न संवैधानिक नैतिकताले दिन्छ, न राजनीतिक एवं आर्थिक औचित्यले । सत्तारुढ पार्टीले शासन चलाउन नसकेको अवस्थामा बाहेक प्रमुख विपक्षी पार्टीमा कम्युनिष्टहरु रहेको अवस्थालाई बदल्ने अभिप्रायले पनि मध्यावधि चुनावमा सम्वैधानिक वा प्रजातान्त्रिक नैतिकता ठहर्न सक्दैन ।

प्रधानमन्त्रीले मन्त्रिपरिषदको पुनर्गठन गर्न सक्दछन् । सत्तारुढ पार्टीले प्रधानमन्त्रीको हेरफेर गर्न सक्दछ । तर सत्तारुढ पार्टी शासन चलाउन नसक्ने अवस्था उत्पन्न भएको स्वीकार नगरी मध्यावधि चुनावमा जाँदैन ।

नेपाली कांग्रेसले शासन चलाउन नसक्ने स्थिति उत्पन्न भएको छैन । यो पार्टी मध्यावधि चुनावमा जानुपर्ने वाध्यता सिर्जना भएको छैन । संवैधानिक नैतिकताले अहिले मध्यावधि चुनावमा जाने अनुमति दिँदैन । अहिलेको अवस्थाले खोजेको उपचार त्यो होइन ।